## म आर्थिक सहायताका लागि कसरी आवेदन दिन सक्छु?

**चरण 1: आवेदन फारामका लागि अनुरोध गर्नुहोस्।**

यी फारामहरू geisinger.org मा गएर, **800-640-4206** मा फोन गरेर वा तपाईंको MyChart ड्यासबोर्डको 'मेनु' (Menu) भित्र रहेको 'बिलिङ' (Billing) विकल्प रोजेर नि:शुल्क प्राप्त गर्न सकिन्छ। साथै, यी फारामहरू सबै Geisinger क्लिनिक र अस्पतालका आकस्मिक विभाग तथा भर्ना क्षेत्रहरूमा पनि उपलब्ध छन्।

**चरण 2: फाराम भरेर फिर्ता गर्नुहोस्।**

तपाईंले आवेदन पूरा गरेपछि निम्न ठेगानामा मेल गर्नुहोस्:

Geisinger Uncompensated Care Services
100 N. Academy Ave.
Danville, PA 17822-4938

**चरण 3: हामी तपाईंको आवेदनको समीक्षा गर्छौं।**

यस ब्रोसरमा उल्लेखित निर्देशिकाहरूअनुसार तपाईं सहायताका लागि योग्य हुनुहुन्छ वा हुनुहुन्न भनी निर्धारण गर्न हामी तपाईंको आवेदनको समीक्षा गर्ने छौँ। हामी तपाईंको हुन सक्ने कुनै पनि विशेष परिस्थितिहरूलाई ध्यानमा राख्ने छौँ।

**चरण 4: तपाईंले निर्णय प्राप्त गर्नुहुन्छ।**

तपाईंले सामान्यतया आवेदन दिएको 30 दिनभित्रमा तुरुन्तै लिखित निर्णय प्राप्त गर्नु हुने छ। तपाईंको सहायता अस्वीकार भएमा हामी यसको कारण बताउने छौँ। निर्णयले भुक्तानी योजना बनाउने तरिकाका बारेमा पनि तपाईंलाई जानकारी प्रदान गर्ने छ।

*आर्थिक सहायताका लागि गरिएका सबै आवेदनहरू गोपनीय हुन्छन्। तपाईंको योग्यता निर्धारित गर्ने व्यक्तिहरूलाई मात्र तपाईंको जानकारी साझा गरिने छ।*

*वित्तीय सहायता फारामहरू अंग्रेजी, चिनियाँ, गुजराती, हाइटीयन क्रियोल, नेपाली र स्पेनिस भाषामा उपलब्ध छन्।*

Geisinger को वित्तीय सहायता नीतिहरूको बारेमा थप जान्न वा आवेदन दिनदिनको लागि, geisinger.org मा जानुहोस्, **800-640-4206** मा फोन गर्नुहोस् वा तपाईंको MyChart ड्यासबोर्डको 'मेनु' (Menu) भित्र रहेको 'बिलिङ' (Billing) विकल्प छनोट गर्नुहोस्। हामीले तपाईंबाट आवेदन प्राप्त नगरेमा तपाईं आर्थिक सहायताका लागि योग्य हुनुहुन्छ कि हुनुहुन्न भन्ने कुरा पत्ता लगाउन Geisinger ले पूर्व-अनुमानित विश्लेषणात्मक उपकरणहरू प्रयोग गर्न सक्छ।

3110850 2/26 A-770-120-F NEPALI Rev. 2/2026

# आर्थिक सहायता

## हामी मद्दत गर्न सक्छौँ



Geisinger

## सेवाका लागि प्रतिबद्ध

तपाईं चिकित्सकीय रूपमा आवश्यक स्वास्थ्य स्याहारको आवश्यकतामा हुँदा तपाईंको भुक्तानी गर्ने क्षमता जे भए तापनि तपाईंको साथमा यो हुनुपर्छ। यो ब्रोसरले Geisinger को वित्तीय सहायता नीति तथा आर्थिक सहायताका लागि योग्य हुने तथा आवेदन दिने तरिकाका बारेमा बताउँछ।

## हाम्रो वित्तीय सहायता नीति

- तपाईंको आर्थिक परिस्थितिहरूले तपाईंले प्राप्त गर्ने सेवाहरूमा प्रभाव पार्ने छैनन्। सबै बिरामीहरूलाई सम्मान तथा निष्पक्ष रूपमा व्यवहार गरिन्छ।
- चिकित्सकीय रूपमा आवश्यक स्याहारका लागि सहायता उपलब्ध छ। तपाईं आफ्नो स्याहारअघि, यस अवधिमा वा पछि कुनै पनि समयमा आर्थिक सहायताका लागि आवेदन दिन सक्नुहुन्छ।
- तपाईंसँग कुनै स्वास्थ्य बीमा छैन वा सीमित बीमा लाभ र/वा सीमित आर्थिक संसाधनहरू छन् भने तपाईं सहायताका लागि योग्य हुन सक्नुहुन्छ। बीमा नगरेका बिरामीहरूले पेन्सिलभेनिया स्वास्थ्य सहायता (Pennsylvania Medical Assistance) का लागि आवेदन दिन आवश्यक पर्छ।
- आर्थिक सहायताको स्वीकृति Geisinger को नीति निर्देशिकाहरूद्वारा निर्धारण गरिन्छ जुन यस ब्रोसरमा स्पष्ट पारिएको छ।
- तपाईंले तिर्नुपर्ने बाँकी रकम $100.00 वा सोभन्दा बढी छ भने, किस्ताबन्दीमा भुक्तानी गर्ने योजनाहरू उपलब्ध छन्
- तपाईं आर्थिक सहायताका लागि योग्य हुनुहुन्न तर आफूसँग विशेष परिस्थितिहरू छन् भनी विश्वास गर्नुहुन्छ भने तपाईंले आफ्नो मामिलालाई Geisinger आर्थिक परामर्शदाताद्वारा समीक्षा गरियोस् भनी अनुरोध गर्न सक्नुहुन्छ।
- आर्थिक सहायताका लागि आवेदन दिन तपाईंले आफ्नो लागि उपलब्ध हुन सक्ने चिकित्सा सहायता, Medicare अशक्तता वा अन्य संघीय वा राज्यका कार्यक्रमहरू जस्ता अन्य अनुदान दिने स्रोतहरूका लागि आवेदन दिन आवश्यक सबै जानकारी हामीलाई प्रदान गर्नुपर्दछ।
- तपाईं आफ्नो स्वास्थ्य स्याहार तथा आर्थिक सहायताका लागि आवेदन दिन आर्थिक रूपमा जिम्मेवार हुनुहुन्छ। Geisinger ले आवेदन सामग्रीहरू सजिलै उपलब्ध गराउने छ। आवेदनको लागि अनुरोध गर्न, geisinger.org मा जानुहोस्, **800-640-4206** मा फोन गर्नुहोस् वा तपाईंको MyChart ड्यासबोर्डको 'मेनु' (Menu) भित्र रहेको 'बिलिङ' (Billing) विकल्प छनोट गर्नुहोस्।

## तपाईं वित्तीय सहायताका लागि योग्य हुनुहुन्छ?

वित्तीय सहायताको लागि योग्यता संघीय सरकारको गरिबी सम्बन्धी निर्देशिकाहरूमा आधारित हुन्छ जसलाई वार्षिक रूपमा संशोधन गरिन्छ।

- तपाईंको परिवारको आय वर्तमान संघीय गरिबी निर्देशिकाभन्दा 300% प्रतिशत कम वा सोभन्दा पनि कम छ भने तपाईं सहायताका लागि योग्य हुन सक्नुहुन्छ।
- आफ्नो परिवारको आकार तथा आय संघीय गरिबी तहभन्दा 300% कम वा सोभन्दा कम छ वा छैन भनी निर्धारण गर्न तलको आय मेट्रिक्सलाई मार्गदर्शकका रूपमा प्रयोग गर्नुहोस्।

| परिवारको आकार | संघीय गरीबी स्तरको 300% |
|---|---|
| 1 | $47,880 |
| 2 | $64,920 |
| 3 | $81,960 |
| 4 | $99,000 |
| 5 | $116,040 |
| 6 | $133,080 |
| 7 | $150,120 |
| 8 | $167,160 |
| प्रत्यक थप व्यक्तिको लागि, थप्नुहोस | $ 5,680 |

- आयको मूल्याङ्कन, आवेदनमा प्रदान गरिएको जानकारी तथा बिरामीको ऋणसँग तुलना गरिएको सम्पत्तिहरूका आधारमा अन्तिम निर्णय गरिन्छ। तपाईं Geisinger को वित्तीय सहायता कार्यक्रम (Geisinger's Financial Aassistance Program) अन्तर्गत योग्य हुनुहुन्छ भनी निर्धारण गरिएमा तपाईंले चिकित्सकीय रूपमा आवश्यक शुल्कहरूमा 100% छुट प्राप्त गर्नु हुने छ।

### बहिष्करणहरू

Geisinger को वित्तीय सहायता कार्यक्रमले धेरै सेवाहरू समेट्दा निम्न लगायतका अरू नसमेटिने कुराहरू छन्:

- कस्मेटिक सेवाहरू
- रोजाइका प्रजनन सेवाहरू
- प्रत्यारोपणसम्बन्धी सेवाहरू
- मोटोपन (बेरियाट्रिक) सम्बन्धी उपचार सेवाहरू
- दाँतको उपचार वा दाँतको कस्मेटिक पुनर्निर्माण
- Geisinger को नेटवर्कमा सहभागी नभएका बिमा योजनाहरूका कारण लाग्ने थप व्यक्तिगत खर्चहरू

वित्तीय परामर्शदाता सँग सम्पक गर्नका लागि **800-640-4206** मा फोन गनहोस्।

